बटेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं. २०७९।०८०
च.नं. 1166

मिति : २०८०।०३।२०

विषय: भुक्तानी सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै (१-५)
शाखा/इकाई सबै,
श्री सरोकारवाला सबै,
बटेश्वर गाउँपालिका, धनुषा ।

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत संचालित आ.व. ०७९।०८० का विकास निर्माणका गाउँपालिका स्तरीय तथा वडास्तरीय योजनाहरुको अन्तिम विल भुक्तानी मिति २०८०।०३।१० गते सम्म मात्र हुने भएकोले सञ्चालित सम्पूर्ण योजनाहरुको भुक्तानी सम्बन्धी कागजातहरु मिति २०८०।०३।१० गते भित्र यस कार्यालयको योजना शाखा मार्फत आर्थिक प्रशासन शाखामा पेश गरिसक्नुपर्ने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

२०८०।०३।१० गते पछाडि स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा हिसाब भिडान गर्नुपर्ने, कर दाखिला गर्ने, संघीय सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने प्रकृतिको अनुदान रकम समेत फिर्ता गरी सोको बैंक भौचर कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने र आ.व. २०७९।०८० को सम्पूर्ण कारोवारको हिंसाब मिलान गरी सरोकारवाला निकायहरुमा प्रतिवेदन पठाउने समेतको कार्यहरु आर्थिक वर्ष समाप्त हुनुभन्दा अगावै सम्पन्न गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था भएकोले माथि उल्लेखित समय सिमा भित्र सम्पन्न तथा फरफारक नभएमा, भुक्तानीको लागि आवश्यक कागजात पेश हुन नआएमा कार्यालय भुक्तानी दिन असमर्थ हुने हुँदा समयसिमा भन्दा पछि भुक्तानी माग गरेको कारणले भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने र स्वयं सरोवारवाला नै जिम्मेवार हुने व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

(नोट : योजनाहरुको सम्झौता भई कार्यसम्पन्न भइसकेकाहरुको आवश्यक विलभर्पाई, वडा कार्यालयको सिफारिस, कार्यसम्पन्न प्रतिवेदन, अनुगमन प्रतिवेदन, फोटोहरु, सार्वजनिक लेखा परीक्षण लगायतका आवश्यक कागजात सहित तोकिएको मितिमा पेश गर्नु हुन तोकिएको मिति भन्दा पछि भुक्तानी दिन कार्यालय वाध्य हुने छैन ।)

.............................................
सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

संतोष कुमार शर्मा
प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ:**
श्री जिल्ला प्रशासन कार्यालय, धनुषा ।
श्री योजना/प्राविधिक/आ.प्र.शाखा, बटेश्वर गा.पा., धनुषा ।

**अवगतार्थ:**
श्री गा.पा.अध्यक्षज्यू/उपाध्यक्षज्यूको कार्यकक्ष

सम्पर्क: गापा अध्यक्ष ९८५४०२३०५१, गापा उपाध्यक्ष 9854029943 प्रमुख प्रशासकीय अधिकृत ९८५४०५०९०१
email:bateshwormun@gmail.com, web: www.bateshwormun.gov.np

CamScanner